म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८१ आइतबार, ३ फागुन २०८२ ने. सं. ११४६ सिल्लागा 15 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौँडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

## 'बायोइन्जिनियरिङ र प्राकृतिक समाधान'लाई अनिवार्य गरिने: मन्त्री डा.देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटाले दिगो विकास र विपद् न्यूनीकरणका लागि प्रदेश सरकारले अबका दिनमा 'बायोइन्जिनियरिङ्ङ र प्रकृतिमा आधारित समाधानलाई प्राथमिकता दिने बताएका छन् ।

युरोपेली संघको आर्थिक सहयोगमा सञ्चालित 'प्रतिबद्ध-३' परियोजनाअन्तर्गत बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको सहकार्यमा आयोजित दुईदिने क्षमता विकास कार्यशालाको समापन सत्रमा मन्त्री डा. देवकोटाले यस्तो बताएका हुन् । 'पहिरो र प्रकृतिमा आधारित समाधानको प्रयोग गरी यसको न्यूनीकरण' विषयक कार्यशालालाई सम्बोधन गर्दै मन्त्री देवकोटाले नेपालको कुलगार्हस्थ उत्पादनको ३ देखि ५ प्रतिशत हिस्सा विपद्का कारण नोक्सान हुने गरेको तथ्यांक प्रस्तुत गरे ।



'हामी हिउँदभरि बाटो बनाउँछौं तर, बर्खामा आउने बाढी र पहिरोले करोडौंको लगानी बगाएर लैजान्छ,' परम्परागत निर्माण शैलीप्रति असन्तुष्टि जनाउँदै उनले भने, 'अब हामीले परम्परागत रिटेनिङ वालमा मात्र भर नपरी विज्ञानमा आधारित र प्रकृतिमैत्री समाधान खोज्नुपर्छ । चुरे दोहन र अव्यवस्थित जलाधार व्यवस्थापनले बाढी र पहिरोको जोखिम बढाएको छ ।' मन्त्री डा.देवकोटाले मन्त्रालयले इन्जिनियरिङ अध्ययन संस्थान (पुल्चोक) को डिजास्टर सेन्टर सँगको समझदारीमा बायोइन्जिनियरिङ म्यानुअल तयार गरिरहेको जानकारी दिए ।

निर्देशिका तयार भएपछि प्रदेशका हरेक पूर्वाधार डिजाइनमा बायोइन्जिनियरिङ प्रविधिलाई अनिवार्य गरिने उनको भनाइ छ । उनले बागमती प्रदेशले प्रकाशन गरेको विपद् जोखिमक्षेत्र पहिचान सम्बन्धी पुस्तकलाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्न सडक निर्माणमा खटिने इन्जिनियरहरुलाई निर्देशन दिए । कार्यक्रममा मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले पछिल्लो समय सडक पूर्वाधारमा बायोइन्जिनियरिङको अभ्यास हराउँदै गएकोमा चिन्ता व्यक्त गरे ।

'२०६२/६३ सालतिर ब्याचलर पढ्दा बायोइन्जिनियरिङलाई ठूलो महत्व दिइन्थ्यो तर, २०७० पछि यो विषय ओझेलमा पर्‍यो,' सचिव मरहठ्ठाले भने, 'हामीले सजिलो उपाय खोज्यौं-डोजरले खन्ने र वाल लगाइदिने । अब यो प्रवृत्ति सुधार्नुपर्छ ।' बर्खायाममा सडक विभाग र मन्त्रालयका कर्मचारीहरु पहिरोको तनावमा बस्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उनले इन्जिनियरहरुले पहिरोको प्रकृति चिन्नु नै दिगो समाधानको पहिलो खुड्किलो भएको बताए ।

### संघीयतापछि पहिरोको जोखिम बढ्यो : *विज्ञ*

कार्यशालामा विज्ञले २०७२ सालको भूकम्पपछि पहिरोको संख्या बढेको भएपनि संघीयतापछि जथाभावी खनिएका सडकका कारण जोखिम झन् उच्च भएको तथ्यांक प्रस्तुत गरेका थिए । कार्यक्रम संयोजक तथा वरिष्ठ भूगर्भविद् प्रा.डा. मेघराज धितालका अनुसार, डरम युनिभर्सिटीले सन् २०१४ देखि २०२० सम्म गरेको अध्ययनले संघीयतापछि स्थानीय तहमा डोजरको अनियन्त्रित प्रयोगले पहिरोको ग्राफ ह्वात्तै बढाएको देखाएको छ ।

विज्ञहरुले पहिरो गएपछि बाटो खुलाउन हतारिने तर, दीर्घकालीन रोकथाममा ध्यान नदिने प्रवृत्तिको आलोचना गरेका छन् । पिपुल इन निडको नेतृत्व, सेन्टर फर सोसल रेस्पोन्सिबिलिटीको व्यवस्थापन र स्कट विल्सन नेपालको प्राविधिक सहजीकरणमा सम्पन्न कार्यशालामा वरिष्ठ भूगर्भविद् प्रा.डा. धिताल र बायोइन्जिनियरिङविज्ञ शंकर राईले सहजीकरण गरेका थिए । सहभागीलाई पहिरो विज्ञान, वर्गीकरण र नक्सांकनका सैद्धान्तिक पक्षबारे जानकारी गराउनुका साथै स्थलगत भ्रमणमार्फत् पहिरोको प्रत्यक्ष अध्ययन र बायोइन्जिनियरिङ प्रविधिको अभ्यास गराइएको थियो ।

कार्यशालामा बागमती प्रदेशका विभिन्न स्थानीय तह, वन मन्त्रालय र पूर्वाधार कार्यालयका इन्जिनियर तथा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा कार्यरत ४० जना अधिकृतको सहभागिता थियो । सहभागीले सिकेका ज्ञानलाई व्यवहारमा उतार्दै आआफ्नो कार्यक्षेत्रमा प्रकृतिमैत्री पूर्वाधार निर्माणमा जोड दिने प्रतिबद्धता जनाएका छन् ।

## ६६ जिल्लाको मतपत्र छपाई सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६६ जिल्लाका निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

हालसम्म एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । शुक्रबारसम्म ६३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । शनिबार थप तीन जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । अब ११ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको छ । काठमाडौं उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुईदिनमा मतपत्र छपाइ सकिने अनुमान गरिएको छ । छापिएकाजति जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको छ ।



हालसम्म १६ हजार ४९४ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनकशिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो ।

छपाइ भएको मतपत्र शनिबारदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ । आयोगले कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताए ।



साझाकुरा

## हाम्रो कुरा

# आर्थिक समस्यामा सामुदायिक रेडियो

छोटो समयमा लोकप्रिय बनेको एफएम रेडियो यतिबेला चरम आर्थिक संकटमा परेको छ । नेपालमा एफएम रेडियोको ईतिहास धेरै लामो छैन । करिव ३ दशक मात्र भएको रेडियोको लोप्रियतालाई आर्थिक समस्याले नराम्रोसँग थला पारेको छ । बिपद् तथा आपतकालीन अवस्थामा जनतालाई छिटो र भरपर्दो सूचना दिने प्रमुख माध्यमको रुपमा रहेको रेडियो अहिले गम्भीर संकटमा परेको हो । निजी तथा सामुदायिक दुबैखालका रेडियो आर्थिक, प्राविधिक र नीतिगत समस्याले थलिएका छन् । रेडियो स्टेसन संचालन नेपालमा अलिक महँगो पनि छ । सञ्चालन खर्च धान्न नसक्दा कतिपय रेडियो बन्द हुने अवस्थामा पुगेका छन् भने कतिपयले प्रसारण समय घटाएर जसोतसो टिकाइरहेका छन् । सञ्चार तथा सूचना मन्त्रालय, सूचना प्रसारण विभागका अनुसार गत आर्थिक वर्षको असार मसान्तसम्म इजाजत लिएका १ हजार २ सय ४ रेडियोमध्ये ७ सय ३५ वटा मात्रै नियमित प्रसारणमा छन् । बागमती प्रदेश सञ्चार रजिस्ट्रार कार्यालयका अनुसार प्रदेशमा हाल १०० वाटभन्दा माथि १ हजार वाटसम्मका ९८ वटा रेडियो दर्ता रहेका छन् । तीमध्ये ८१ वटा नवीकरण भएका छन् ।

सय वाटसम्मका रेडियो स्थानीय तहको मातहत रहने व्यवस्था छ भने सय वाटभन्दा माथिका हजार वाटसम्मका रेडियो प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्छन् तर, प्रदेश सरकारले रेडियो क्षेत्रका लागि पर्याप्त बजेट छुट्याएको छैन । चालु आर्थिक वर्षमा बागमती प्रदेश सरकारले समग्र सञ्चारक्षेत्रका लागि जम्मा १० लाख रुपैयाँ मात्र बजेट छुट्याएको छ । जुन रकम रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन सबैका लागि भएकाले रेडियोक्षेत्रमा अपेक्षित सहयोग नपुगेको रेडियो सञ्चालकको गुनासो रहेको छ । लामो समयदेखि सञ्चालनमा रहेका रेडियोका लागि राज्यले सहयोग उपलब्ध गराउन आवश्यक रहेको रेडियो थाहासञ्चार ९९.६ मेगाहर्ज हेटौंडाका स्टेशन म्यानेजर गोकुल अधिकारीले बताए । नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरले रेडियोको अस्तित्व जोगाउन राज्यका तीनै तह जिम्मेवार हुनुपर्नेमा जोड दिए । रेडियो जोगाउनु सञ्चालकको मात्र नभई, राज्य र समाज सबैको साझा जिम्मेवारी रहेको उनको भनाई छ । पछिल्लो समय रेडियोका नियमित श्रोता पनि घट्दै गएका छन् । यद्यपि, कतिपय रेडियोले पोडकास्ट, भिडियो क्लिप्स र सामाजिक सञ्जालमार्फत् सामग्री प्रसारण गर्दै नयाँ श्रोता जोड्ने प्रयास पनि गरिरहेका छन् । शुक्रबार विश्व रेडियो दिवस रेडियो, सञ्चारविज्ञ तथा प्रसारकको सहभागितामा विविध कार्यक्रमका साथ मनाइएको थियो । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को अगुवाइमा सन् २०१२ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो । सन् १९४६ मा राष्ट्रसंघीय रेडियो सेवा स्थापना भएको दिनको स्मरणमा यो दिवस मनाउन थालिएको हो । युनेस्कोले पाँचै महादेशमा 'डिजिटल' प्रसारणमार्फत शैक्षिक सामग्री स्रोतासमक्ष प्रस्तुत गर्ने बताएको छ । युनेस्कोका अनुसार सञ्चारमाध्यमका रुपमा रेडियोको महत्वबारे जनचेतना अभिवृद्धिका साथै निर्णयकर्तालाई सूचना पहुँच सुनिश्चित गर्न तथा रेडियोको उपयोग प्रोत्साहित गर्न एवं विश्वभरका प्रसारकबीच अन्तरर्राष्ट्रिय सहकार्य सुदृढ तुल्याउनु यो दिवसको उद्देश्य हो ।

मानवसमाजको विविधतालाई उत्सवकारुपमा मनाउने सशक्त माध्यमका रुपमा रेडियोलाई लिइन्छ । लोकतान्त्रिक संवादका लागि रेडियो महत्वपूर्ण मञ्चका रुपमा स्थापित छ । विश्वस्तरमा अझै पनि सबैभन्दा धेरै सुनिने सञ्चार माध्यमका रुपमा रेडियो रहेको छ । व्यापक श्रोतासम्म पुग्ने यसको विशिष्ट क्षमताले समाजमा विविधताको अनुभूति निर्माण गर्न, सबै आवाजलाई बोल्ने, प्रतिनिधित्व हुने र सुन्ने अवसर प्रदान गर्ने सार्वजनिक चौतारीका रुपमा रेडियोले काम गरेको छ । रेडियो 'स्टेशन'ले विविध समुदायलाई सेवा पुऱ्याउँदै विभिन्न कार्यक्रम, दृष्टिकोण र सामग्री प्रस्तुत गर्नुपर्ने तथा आफ्ना संरचना र सञ्चालनमा पनि श्रोताको विविधता प्रतिबिम्बित गर्नुपर्नेमा युनेस्कोले जोड दिएको छ । कम लागतमा सञ्चालन गर्न सकिने माध्यम भएकाले रेडियो दुर्गमक्षेत्र तथा जोखिममा रहेका समुदायसम्म पुग्न विशेष रेडियो उपयुक्त मानिन्छ । यसले शैक्षिकस्तरको भेदभाव नगरी सार्वजनिक बहसमा सहभागी हुन समान अवसर प्रदान गर्दछ । आपतकालीन सूचनाप्रवाह र विपद् उद्दारका सन्दर्भमा समेत रेडियोको भूमिका महत्वपूर्ण छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ४ गते सोमबार १६ फेब्रुअरी २०२६ । चतुर्दशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४३ सूर्यास्त ५:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# महाशिवरात्रि महिमा



खिमा ओली

महाशिवरात्रि पर्व कसरी सुरु भयो भन्नेबारे बिभिन्न भनाइहरु पाइन्छ । त्यसमध्ये संस्कृतिविद् सत्यमोहन जोशीले 'नेपाल चाडबाड' पुस्तकमा महाशिवरात्री पर्वबारे एउटा कथा उल्लेख गरेका छन्-

एक जना व्याधा थियो । एक दिन ऊ सिकारको खोजीमा वनजङ्गलभित्र पस्यो । त्यस दिन रात पर्दा पनि उसले सिकार भेटाउन सकेन । अन्त्यमा दिनभरिको हैरानीले दिक्क भई, ऊ त्यतै वनजङ्गलतिरको जलाशयनजिकैको बेलपत्रको रूखमुनि बास बस्यो । त्यसै ठाउँमा बेलपत्रले छोपिएको शिवजीको प्रतिमा रहेछ । व्याधाले अनायास बेलपत्र टिप्दै त्यसै प्रतिमामा फाल्दो रहेछ । यसैको प्रभावले गर्दा व्याधाको वृत्तिमा केही परिवर्तन हुन थाल्यो ।

पछि त्यहाँ एउटी मृगिणी पानी खान आएको देखेर त्यस व्याधाले त्यसलाई हान्न धनुषबाण ठीक पार्यो । तर त्यस मृगिणीले व्याधासँग निवेदन गरेर भनी 'व्याधा दाइ, कृपया मलाई अहिले नमार । किनभने मेरा दूध खुवाउनुपर्ने बच्चाहरू छन् । उनीहरूलाई पहिले दूध ख्वाउन जान्छु । अनि म फेरि यहीं आउँछु ।'

मृगिणीको यो फदयविदारक कुरा सुनेर व्याधाको मन पग्ल्यो । अनि त्यसले 'हुन्छ' भनेर त्यस मृगिणीलाई जान दियो । पछि फेरि यस्तै अरू घटनाहरू पनि त्यहा भए । त्यस व्याधाले कुनै पनि मृगलाई मार्न भनेर धनुषबाण चलाउने मन गर्न सकेन ।

पछि ती सब मृगहरू आ-आफ्नो वचन राख्नलाई व्याधाका सामु देखा परे । तर शिवजीको प्रतिमामा अनायास बेलपत्र चढाउने त्यस व्याधाको अन्त:करणमा सत्वगुणको विकास भइसकेको थियो । यसैले जब ती मृगहरू आ-आफ्नो सत्य वचन राख्नका लागि व्याधाका सामु देखा परे । त्यो व्याधामा धार्मिक वृत्ति जाग्रत भएकाले उसले ती मृगहरूमा धनुषबाण चलाउने हिम्मत नै गर्न सकेन ।

त्यस व्याधाले आत्मचिन्तन गर्यो र थाहा पायो 'त्यो दिन फाल्गुन कृष्ण चतुर्दशी महाशिवरात्रिको दिन परेको रहेछ, अनि शिवजीको प्रतिमामा बेलपत्र चढाउन पुगेको प्रभावले उसको ज्ञानदृष्टि खुलेको रहेछ ।' पछि कथाको अन्त्यमा शिवदूतहरू आएर त्यस व्याधालाई शिवलोकमा लगेको प्रसङ्ग आउँछ र धर्मबाट सद्गति प्राप्त हुने एउटा ज्वलन्त उदाहरण बन्दछ ।

शिवरात्रि हिन्दू धर्मको एक अत्यन्त पवित्र, ऐतिहासिक र आध्यात्मिक महत्व बोकेको पर्व मानिन्छ । काठमाडौंको पशुपति क्षेत्र, कालमोचन क्षेत्रमा प्रत्येक वर्ष फागुन महिनाको कृष्ण पक्षको चतुर्दशी तिथिमा मनाइने यो पर्व भगवान् शिवको आराधना गरी भव्य रुपमा मनाइन्छ । 'शिव' शब्दको अर्थ कल्याण, मंगल र शुभ हो भने 'रात्रि' को अर्थ रात हो । शिवरात्रि अज्ञानताको अन्धकारबाट ज्ञानको उज्यालोतिर भन्ने अर्थमा पनि लिन सकिन्छ ।

दार्शनिक रूपमा शिवरात्रि आत्मज्ञानको पर्व हो । 'शिव' चेतनाको उच्चतम अवस्था हो भने 'रात्रि' अज्ञानको प्रतीक हो । आधुनिक व्यस्त जीवनबाट उत्पन्न हुने तनाव, अशान्ति र भौतिक सुखको खोजीमा हिडेका मानिसका लागि शिवरात्रिले आत्मसंयम, ध्यान र मानसिक शान्ति दिने विश्वास गरिन्छ ।

शिवरात्रिको दिन भक्तजनहरूले व्रत बस्ने, पूजा-आराधना गर्ने र जागरण बस्ने परम्परा प्राचिनकालदेखि चल्दै आएको छ । काठमाडौंको पशुपति क्षेत्रमा देश र विदेशबाट आएका हजारौं भक्तजनहरु दर्शनका लागि लामवद्ध हुन्छन् ।

केही भक्तजनहहरु रातभर जागरण बस्छन् । जोगीहरुले धुनी बाल्छन् । रातभर जागरण बस्नुको अर्थ आत्मचिन्तन, ध्यान र साधना गर्नु हो । शिवलाई साधु, तपस्वी र संहारका देवताका रूपमा लिइन्छ । त्यसैले शिवको आराधना गर्दै रातभर जागरण बस्छन् ।

महाशिवरात्रिको मुख्य दिन बिहान गुठी संस्थानबाट पञ्चामृत (दूध, दही, घ्यू, मह, सख्खर) र शुद्ध जल अर्पण गर्ने चलन छ, जसलाई पञ्चामृत स्नान भनिन्छ । सोही दिन बेलुका संस्थानबाट श्री पशुपतिनाथको वरिपरि बत्ती बाल्ने परम्परा छ ।

धार्मिक विश्वासअनुसार बेलपत्रका तीन पात शिवका तीन नेत्र, त्रिदेव (ब्रह्मा, विष्णु, महेश्वर) अर्थात सत्, रज र तम गुणका प्रतीक मानिन्छन् । सत्, रज र तम हिन्दू दर्शन, विशेषगरी सांख्य दर्शनबाट आएको एक आधारभूत अवधारणा हो । यसलाई त्रिगुण भनिन्छ । यी तीन गुणले सम्पूर्ण सृष्टि, मानव स्वभाव र व्यवहारलाई चलायमान बनाएको मानिन्छ ।

नेपालमा शिवरात्रि राष्ट्रिय पर्वका रूपमा मनाइन्छ । विशेषगरी काठमाडौंको पशुपतिनाथ मन्दिरमा भव्य रुपमा महाशिवरात्री मनाइन्छ । शिवरात्रीमा शिवजीको आराधना गर्न देश-विदेशबाट लाखौं साधुसन्त, भक्तजन पशुपतिनाथ आउने गरेका छन् । साधु-सन्यासीहरूको ठूलो जमघट, भजन-कीर्तन, धूनी बाल्ने परम्परा र विशेष पूजा-आराधनाले पशुपति क्षेत्र लगायत काठमाण्डौं उपत्यका अत्यन्तै आध्यात्मिक वातावरणले शिवरात्रीमय हुन्छ ।

गुठी संस्थानले पशुपति मन्दिर परिसर लगायत सम्पूर्ण अखडाहरुमा साधुहरुलाई धुनी बाल्नका लागि तराई मधेशका जिल्लाहरुबाट अग्राखको दाउरा (मुढा) को व्यवस्था गर्दै आएको छ । यो वर्ष पशुपति क्षेत्रमा एकादशीदेखि औंशीसम्म धुनी बाल्न करिब ५० हजार किलोग्राम दाउरा व्यवस्था गरिएको छ ।

धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले पनि शिवरात्री पर्व नेपालका लागि अत्यन्त महत्वपूर्ण छ । यो राष्ट्रिय पर्व भएकाले यस दिन सरकारले सार्वजनिक बिदा दिने चलन छ । पुराणहरूका अनुसार शिवरात्रिको दिन भगवान् शिव पृथ्वीमा अवतरित भएका थिए भन्ने विश्वास छ । साधु-सन्यासीदेखि सर्वसाधारणसम्मको सहभागिताले शिवरात्रिलाई महान बनाएको छ ।

शिवरात्रीमा लाल मोहरिया, महन्त, महापुरुष, सन्यासी/भेषधारी र अन्य साधारण साधुहरुको उपस्थिति रहन्छ । गुठी संस्थानले उनीहरूको बिदाइ गर्दा यही वर्गीकरणका आधारमा दक्षिणाको व्यवस्था गर्दछ ।

शिवरात्रि केवल धार्मिक पर्व मात्र नभई सामाजिक र सांस्कृतिक महत्वको चाड पनि हो । शिवरात्रीमा भजन, कीर्तन, नाचगानजस्ता सांस्कृतिक गतिविधिहरू सञ्चालन गरिन्छ । पछिल्लो समय युवा पुस्ताले पनि यो पर्वलाई विशेष महत्वका साथ मनाउँदै आएका छन् । युवापुस्ताले पनि सांस्कृतिक कार्यक्रम, स्वयंसेवा र सरसफाइ अभियानमार्फत पर्वमा सक्रिय सहभागिता जनाउने गरेका छन् ।

एकादशीको दिन गुठी संस्थानले राडी, च्यादर, बख्खु, कमन्डलु, शंखघण्ट, लोटा, पिताम्बरी, सिदा लगायतका सामाग्रीहरु राष्ट्रप्रमुख (राष्ट्रपति) बाट संकल्प पूजा गराएर ल्याउने चलन छ । संकल्प गरेका सामाग्रीहरु साधुहरुलाई वितरण गरिन्छ । शिवरात्रीको अवसरमा राष्ट्रपति, प्रधानमन्त्रीलगायत देशका विशिष्ट व्यक्तिहरुले पशुपतिनाथको दर्शन र पूजा गर्ने प्रचलन छ

शिवरात्रीका दिन भारत र नेपाल गरी लाखौं भक्तजनहरु विशेष पूजा र आराधनका लागि पशुपति क्षेत्र आउँछन् । शिवरात्रिमा साधुसन्तहरु प्रमुख आकर्षणका केन्द्र हुन् । साधुसन्तहरू पशुपतितर्फ : मन्दिर परिसरमा नागा साधुहरु, राममन्दिरमा वैश्णव साधुहरु, मृगस्थली गोरखनाथमा नाथजीहरु, भस्मेश्वर अखण्डामा उदासी साधुहरु, राजराजेश्वरी निर्मल अखडामा उदासी साधुहरु बस्छन् ।


कालमोचन क्षेत्रतर्फ : बैरागी, उदासी, सन्यासी र गोरखनाथ अखडामा साधुसन्तहरु धुनी बालेर रातभर बस्छन् । उनीहरुलाई गुठी संस्थानले धुनी बाल्न दाउरा, परम्परा बमोजिम भोजन सहित आवश्यक व्यवस्थापन गर्दै आएको छ । नागा बाबाहरुलाई मन्दिर परिसरभित्र बस्ने व्यवस्था मिलाइएको हुन्छ ।

पशुपति विकास कोषले शिवरात्रीमा मन्दिर क्षेत्रको सुन्दरता सजावट, भक्तजनहरुको लाइन व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा, खानेपानी, शौचालय र प्रवेश अनुमति पासको व्यवस्थापन गर्दै आएको छ । स्थानीय प्रशासनले शान्ति सुरक्षाका लागि ठूलो संख्यामा प्रहरी परि चालन गर्दै आएको छ । गत वर्ष दुई हजार तीन सय उनानब्बे (२३८९) साधुसन्तहरु शिवरात्री मनाउन आएका थिए । पशुपति क्षेत्रमा साधुसन्त आएपछि विशेषखालको धार्मिक रौनक हुन्छ ।

शिवरात्रीको अन्तिम दिन गुठी संस्थान र पशुपति विकास कोषले साधुसन्तहरुको स्तर अनुसार दक्षिणा, मिठाइ र रुद्राक्षको माला लगाएर बिदाइ गर्ने चलन छ । उनीहरुलाई अर्को वर्ष फेरि शिवरात्रीमा स्वागत गर्ने अपेक्षा राखिन्छ । यसरी महाशिवरात्री पर्व भव्य रुपमा मनाइन्छ ।

*(साभार: अनलाइनखबर)*

# नेपाल-भारत सौम्यशक्ति कूटनीति प्रवर्द्धनमा पशुपतिनाथ



रोहिणीप्रसाद घिमिरे

सौम्यशक्ति कूटनीति (सफ्ट पावर डिप्लोम्यासी) आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धको एक महत्वपूर्ण अवधारणा हो । यसले कुनै राष्ट्रले सैन्य शक्ति, आर्थिक दबाब वा कठोर कूटनीतिक उपाय प्रयोग नगरी संस्कृति, धर्म, भाषा, दर्शन, कला, परम्परा तथा साझा मूल्य-मान्यताका माध्यमबाट अन्य राष्ट्रसँग आपसी विश्वास, सम्मान र सहानुभूति विकास गर्ने प्रक्रियालाई जनाउँछ । यही सन्दर्भमा धार्मिक-सांस्कृतिक आस्था एवं धरोहरका रूपमा रहेको पशुपतिनाथ मन्दिर नेपाल-भारत सौम्यशक्ति कूटनीतिको केन्द्रविन्दुका रूपमा स्थापित भएको छ ।

नेपाल-भारत सम्बन्ध हजारौं वर्ष पुरानो सभ्यतागत निरन्तरतामा आधारित छ । धार्मिक आस्था, सांस्कृतिक अभ्यास, सामाजिक परम्परा र जीवनदर्शनका तहमा दुवै देश एक-अर्कासँग गहिरोरूपमा गाँसिएका छन् । पशुपतिनाथ यही सभ्यतागत सम्बन्धको जीवन्त प्रतीक हो, जसले राजनीतिक उतार-चढावभन्दा माथि उठेर दुई देशका जनतालाई भावनात्मक र आध्यात्मिक रूपमा जोड्दै आएको छ ।

पशुपतिनाथ केवल नेपालको राष्ट्रिय आराध्यदेव मात्र होइन, सम्पूर्ण हिन्दू जगतको आस्थाको केन्द्र हो । नेपाल र भारतबीचको ऐतिहासिक, धार्मिक र भावनात्मक सम्बन्धलाई जोड्ने सेतुका रूपमा पशुपतिनाथको भूमिका अद्वितीय छ । राजनीतिक सीमाले छुट्याए पनि आस्थाले जोडेको सम्बन्ध पशुपतिनाथमार्फत अझ सुदृढ बनेको छ । यही कारणले पशुपतिनाथलाई नेपाल-भारत सौम्यशक्ति कूटनीतिको सबल आधारस्तम्भका रूपमा लिन सकिन्छ ।

**ऐतिहासिक एवं पौराणिक पृष्ठभूमि :**

पशुपतिनाथसँग जोडिएको पौराणिक कथा र ऐतिहासिक प्रसङ्गले नेपाल-भारत सम्बन्धको प्राचीनता र गहिराइ पुष्टि गर्छ । त्रेतायुगमा स्वयं आविर्भाव भएको ज्योतिर्लिङ्गका रूपमा पशुपतिनाथको स्थापना भएको धार्मिक विश्वास छ । त्यस समयमा देवपतन क्षेत्र ( हालको पशुपति क्षेत्र) तलाउका रूपमा रहेको र त्यहाँ एक ऋषिले रोपेको कमलबाट ज्योतिर्मय शिवलिङ्ग प्रकट भएको परम्परागत मान्यता छ ।

लामो अन्तरालमा भूस्खलनजस्ता प्राकृतिक प्रकोपले द्वापरयुगको अन्त्यमा आइपुग्दा सो ज्योतिर्मय शिवलिङ्ग पुरिएको अवस्थामा थियो । द्वारकाबाट आएका श्रीकृष्ण र गोपालहरूले त्यस ठाउँमा गाईले स्वत: दूध झार्दै गरेको देखे । उनीहरूले त्यहाँ उत्खनन गर्दा ज्योतिर्लिङ्ग देखे । यसले पशुपतिनाथ स्थापित देवता नभई स्वयं आविर्भाव भएको शिवस्वरूप ज्योतिर्लिङ्ग भएको मान्यतालाई बलियो बनाउँछ । यही पौराणिक निरन्तरताले पशुपतिनाथप्रतिको आस्था नेपालमा मात्र सीमित नभई भारतसहित विश्वभर फैलिएको छ । यो कहावत नेपाल-भारतबीचको पौराणिक सम्बन्धको पुरानो र सशक्त प्रमाण हो ।

**पशुपतिनाथको दार्शनिक पक्ष :**

अब अर्को महत्वपूर्ण कुरा, पशुपतिनाथलाई सम्पूर्ण प्राणीजगतका स्वामी मानिन्छ । यसैले विश्वकै हिन्दूहरूको आस्थाको केन्द्र मात्र नभएर अन्य धर्मावलम्बीहरूको समेत पशुपतिनाथप्रति चासो बढेको पाइन्छ । अब प्रश्न उठ्छ- पशुपतिनाथलाई कसरी सम्पूर्ण प्राणीजगतका स्वामी (मालिक) मानिएको हो त ?

सामान्य मानिसले पशु भनेको चार खुट्टे जनावरलाई मात्र बुझेको हुनाले उसले पशुहरूको मालिक नै पशुपतिनाथ भन्ने सोच्न सक्छ तर पशुको मात्रै मालिक होइन । व्याकरणानुसार 'पश्यतीति पशु:' अर्थात् देख्न सकिने शरीरधारी जीवहरूलाई पशु भनिन्छ, जुन 'पश बन्धने' अर्थात् पासले बाँधिएका हुन्छन् । स्पष्ट भाषामा भन्दा सांसारिक बन्धनले बाँधिई यस पृथ्वीमा रहेका सम्पूर्ण प्राणीका मालिक नै पशुपतिनाथ हुन् भन्ने पशुपतिनाथ शब्दको व्युत्पत्ति एवं विग्रहले इङ्गित गर्दछ । यसैले पशुपतिनाथ विश्वकै हिन्दूहरूको आस्थाको केन्द्र हो ।

त्यस्तै शिवलाई ज्ञानका अधिष्ठाता भनिन्छ । शिवले डम्बरु बजाउँदा यसको ध्वनिबाट अइउण्, ऋलृक, एओङ्, ऐऔच्, हयवरट् ...... आदि संस्कृत व्याकरणका १४ सूत्रहरूको प्रतिपादन भएको र यसले देवभाषा संस्कृत उत्कृष्ट भाषा बनेको मानिन्छ । यो भाषा अब कम्प्युटरीकृत भई पृथ्वीमा मात्र नभएर अन्तरिक्षमा समेत प्रयोग गरिने योजना छ । शुक्ल यजुर्वेदमा भनिएको छ- 'ईशान सर्वविद्यानां ईश्वर....।' अर्थात् शिवजी सबै विद्याका स्वामी हुन् । संस्कृत प्राय: सबै भाषाको जननी हुनुको कारण पनि यही हो । यसै गरी हिन्दू धर्ममा मुक्तिका लागि विशेष स्थलहरूको खोजी हुन्छ । ती स्थलमध्ये पशुपति क्षेत्रलाई एक मानिन्छ । यहाँ मृत्यु भएमा मोक्ष प्राप्त हुने विश्वासले अन्त्य अवस्थामा पशुपति आर्यघाट सेवाकेन्द्रमा थुप्रै बिरामीलाई ल्याइने गरेको छ । यसले पशुपतिनाथलाई केवल जीवितहरूको आस्थाको केन्द्र मात्र नभई जीवन र मृत्युसँग जोडिएको आध्यात्मिक स्थलका रूपमा स्थापित गर्छ ।

यस्तै पशुपतिनाथ क्षेत्र युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत छ । यसले यहाँको सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्वलाई अन्तर्राष्ट्रिय स्तरमा अझ प्रामाणिक बनाएको छ । यो मान्यताले पशुपतिनाथलाई विश्व सभ्यताको साझा सम्पदाका रूपमा प्रस्तुत गर्दै नेपाललाई सांस्कृतिक कूटनीतिक अवसर प्रदान गरेको छ ।

यसरी त्रेतायुगमै ज्यतिर्लिङ्गको आविर्भाव, द्वापरयुगमा पुनरुत्थान, मन्दिरको प्राचीनता, विश्व सम्पदाको मान्यता, मुक्तिको प्रतीक, भगवान् शिवप्रतिको आस्थाजस्ता कारणले गर्दा पशुपतिनाथ विश्वभरका हिन्दूहरूको आस्थाको केन्द्र बनेको कुरालाई नकार्न सकिँदैन ।

**धार्मिक पर्यटन र जनस्तरीय सम्बन्ध :**

पशुपतिनाथको पूजा-विधि, संस्कार र धार्मिक परम्परा नेपाल र भारत दुवै देशमा समानरूपमा सम्मानित छन् । विशेष गरी यहाँ दक्षिण भारतीय ब्राहमण पूजारीहरूद्वारा पूजा गरिनु धार्मिक सहकार्यको महत्वपूर्ण उदाहरण हो । कुनै औपचारिक द्विपक्षीय सम्झौताविना नै सदियौंदेखि कायम यो परम्पराले धर्ममार्फत सौम्यशक्ति कूटनीति कसरी व्यवहारमा लागू हुन्छ भन्ने कुरा स्पष्ट पार्छ ।

हिन्दू धर्मलाई सनातन धर्मका रूपमा लिइन्छ । साथै पछिल्लो समय नेपाल धर्मनिरपेक्ष राष्ट्र भए पनि विगतमा हिन्दू राष्ट्रका रूपमा ख्याति कमाएको राष्ट्र पक्कै हो । अझै पनि यहाँ कुल जनसंख्याको झन्डै ९२ प्रतिशत हिन्दूहरू रहेका छन् । हिन्दू धर्मावलम्बीहरूको संख्या भारतमा पनि अधिक छ । तीर्थयात्रा समापनमा पशुपतिनाथको दर्शन नगरी तीर्थयात्रा पूरा हुँदैन भन्ने मान्यता नेपाल-भारत दुवै देशका हिन्दूधर्मावलम्बीमा छ ।

दैनिकजसो भारतीय भक्तजनहरू पशुपतिमा आउने क्रम त छँदै छ, विशेष गरी महाशिवरात्रिमा पशुपति क्षेत्र भारतीय साधु-सन्त र तीर्थयात्रीले झन् नै खचाखच भरिएको देखिन्छ । यसरी हरेक वर्ष भारतबाट लाखौं तीर्थयात्री पशुपतिनाथको दर्शनका लागि नेपाल आउने गर्छन् । यसै गरी नेपालबाट पनि लाखौं तीर्थयात्री भारतका मठ-मन्दिरमा जाने गरेको पाइन्छ । यस धार्मिक आवागमनले दुई देशका जनताबीच सांस्कृतिक आदान-प्रदान र आपसी समझदारी बढाउँछ ।

विशिष्ट नेताहरूदेखि कर्मचारी, साधु-सन्त, खेलाडी, कलाकार आदि फरक-फरक विचारधारा र विद्वता भएका व्यक्तिहरूको आगमनले उनीहरूको विचार, दर्शन र परम्पराको आदान-प्रदानमा प्रोत्साहन मिल्छ । यस साझा सांस्कृतिक विरासतले नेपाल-भारत द्विपक्षीय सम्बन्धमा गहिरो आधारस्तम्भ खडा गर्छ ।

उदाहरणका लागि, वि.सं. २०७१ मा दक्षिण एसियाली सहयोग संगठन (सार्क) सम्मेलनमा सहभागी हुन नेपाल आउनुभएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पशुपतिनाथको दर्शन गर्न जानुभयो । यस क्रममा बीचबाटो (बानेश्वर) मा एक्कासि गाडी रोकी ओर्लिएर उहाँले सडक किनारमा रहेका नेपाली नागरिकसँग हात मिलाउनुभयो । त्यस बेला सौम्य कूटनीति प्रवर्द्धनमा यसले ठूलो बल मिलेको अनुभव गरिएको थियो । कठोर कूटनीतिको सट्टा यसरी भावनात्मक र सांस्कृतिक सम्बन्धमार्फत दुई देशबीचको सम्बन्धमा प्रगाढता हुन्छ भन्ने कुरा यस घटनाले पुष्टि गरेको छ ।

यति मात्र होइन, भारतीय योगगुरु रामदेव, सुप्रिम हिरो अमिताभ बच्चन, बागेश्वर बाबाधामका धीरेन्द्रकृष्ण शास्त्री, क्रिकेट खेलाडी सचिन तेन्दुल्करजस्ता प्रसिद्ध व्यक्तित्वले पनि पशुपतिनाथको दर्शन गरेर भारतीयहरूलाई नेपालको तीर्थाटनका लागि अभिप्रेरित गरेका छन् । भारतीय तीर्थयात्रीहरूको आगमन हुँदा स्थानीय समुदाय, व्यापारीसहित धार्मिक व्यक्तित्वसँग उनीहरूको प्रत्यक्ष अन्तरक्रिया हुन्छ । यो अन्तरक्रियाले दुई देशका जनताबीच विश्वास र मित्रताको वातावरण सिर्जना गर्छ, जुन सौम्यशक्ति कूटनीतिको आधारशिला हो ।

धार्मिक पर्यटन केवल आस्थासँग मात्र सम्बन्धित हुँदैन, यसले स्थानीय अर्थतन्त्र, पर्यटन उद्योग र सामाजिक सम्बन्धमा समेत सकारात्मक प्रभाव पार्छ । भारतीय तीर्थयात्रीहरूको आगमनले होटल, यातायात, साना व्यवसाय र स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउँछ । यसरी धार्मिक पर्यटन सौम्यशक्ति कूटनीतिको आर्थिक आयामसँग पनि जोडिन्छ ।

**भावी सम्भावना र रणनीति :**

नेपालले पशुपतिनाथलाई आधार स्तम्भको रूपमा लिई सौम्यशक्ति कूटनीति सुदृढ बनाउने दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्छ । भारत, श्रीलंका, म्यानमार, थाइल्यान्डलगायत हिन्दू समुदाय भएका देशलाई लक्षित गरी धार्मिक पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्न सकिन्छ । पशुपतिनाथ दर्शनलाई मुक्तिनाथ, जनकपुर र लुम्बिनीसँग जोडेर बहुआयामिक धार्मिक पर्यटन प्याकेज विकास गर्न सकिन्छ ।

भौतिक उन्नतिसँगै आध्यात्मिक सन्तुलन आवश्यक रहेको आजको विश्व परिवेशमा 'पशुपति अध्यात्म अनुसन्धान केन्द्र' स्थापना गर्नु समयसापेक्ष आवश्यकता हो । यस केन्द्रमार्फत पूर्वीय दर्शन, ध्यान, योग, यज्ञ र अध्यात्मसम्बन्धी विषयमा अनुसन्धान गर्न सकिन्छ, जसले नेपाललाई आध्यात्मिक अध्ययनको विश्व-केन्द्रका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउनेछ । पशुपतिनाथजस्तो तपोभूमिमा यस्ता धार्मिक मान्यतालाई पुष्टि गर्ने अनुसन्धान केन्द्र स्थापना गर्न सकियो भने विश्वका हिन्दूहरू मात्र नभएर अन्य धर्मावलम्बीहरूको पनि आवागमनमा बढोत्तरी हुनेछ । यसले भारत मात्र नभएर अन्य मुलुकहरूमा समेत सौम्यशक्ति कूटनीति प्रवर्द्धनमा टेवा पुग्नेछ ।

पशुपतिनाथ नेपाल-भारत सम्बन्धको धार्मिक, सांस्कृतिक र भावनात्मक मेरुदण्ड हो । यसले औपचारिक कूटनीतिक संरचनाभन्दा पर रही जनस्तरमा विश्वास, आत्मीयता र साझा पहिचान निर्माण गरेको छ । त्यसैले पशुपतिनाथलाई सौम्यशक्ति कूटनीतिको केन्द्रविन्दुका रूपमा रणनीतिक ढङ्गले उपयोग गर्न सकियो भने नेपाल-भारत सम्बन्ध अझ प्रगाढ र स्थायी बन्नेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

टी-२० विश्वकप २०२६ :

# सामाजिक सञ्जाल प्रयोगबारे प्रशिक्षकको गम्भीर असन्तुष्टि

मुम्बई/आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गत आफ्नो तेस्रो खेलमा वेस्ट इन्डिज विरुद्ध महत्वपूर्ण प्रतिस्पर्धा अघि नेपालका मुख्य प्रशिक्षक स्टुअर्ट लले खेलाडीहरूको सामाजिक सञ्जाल प्रयोग विषयमा बोल्ड स्टेटमेन्ट दिँदै सामाजिक सञ्जालले ध्यान भंग गरिरहेको बताएका छन् ।



टी-२० विश्वकप २०२६ को समूह सी मा रहेको नेपालले सुरुवाती दुई खेलमा पराजित भयो तर नेपालको हार फरक खालको थियो । पहिलो खेलमा दुई पटकको टी-२० विश्वकप विजेता इंग्ल्यान्डलाई कडा चुनौती दिएको नेपाल जम्मा ४ रनले मात्र पराजित भएको थियो ।

यो हारमा पनि संसार भरबाट नेपालले राम्रो खेलेको भन्दै प्रशंसा भयो । तर त्यसको चार दिनपछि नै नेपाल यसै विश्वकपमा डेब्यू गर्ने र वरियतामा १० स्थान तल रहेको इटलीसँग १० विकेट ले पराजित भयो । यो हारपछि भने नेपाली टिम र खेलाडीहरू मात्र होइन सम्पूर्ण क्रिकेट समर्थक पनि निराश बने भने पहिले जसले नेपालको तारिफ गरे उनीहरू पनि एक हिसाबले आश्चर्यमा परे ।

दुई हार तर फरक शैली र निराशा । अविश्वसनिय हार पछि शनिवार प्रि म्याच प्रेस कन्फ्रेन्समा उपस्थित भएका मुख्य प्रशिक्षक स्टुअर्ट ललाई इंग्ल्यान्ड विरुद्धको उत्कृष्ट प्रदर्शनपछि इटाली सँगको खेलमा आएको प्रदर्शनमा किन अन्तर आयो ? भनेर सोधिएको थियो । त्यसमा लले जवाफ दिँदै सामाजिक सञ्जालको प्रयोग देखि यसमा भएको चर्चा लगायत विषयमा बोल्ड टिप्पणी गरेका हुन् ।

लले खेलाडीहरूलाई सामाजिक सञ्जालबाट ध्यान भंग हुने भन्दै त्यसबाट टाढा रहन आग्रह गरेका छन् । 'हामीले अहिले सोच्नुपर्ने कुरा भनेको इंग्ल्यान्डसँगको खेलपछि इटलीसँग खेलसम्म किन यति ठूलो अन्तर आयो भन्ने हो,' उनले भने, 'नेपालमा सामाजिक सञ्जाल संस्कृति ठूलो छ । तर मेरो विचारमा यसले ठूलो ध्यान भंग गर्न सक्छ ।'

लले यदि खेलाडीहरूले सामाजिक सञ्जालमा आउने प्रतिक्रिया र प्रशंसामा बढी केन्द्रित हुँदा टोली, सहकर्मी र खेलले के माग गरिरहेको छ भन्ने कुराबाट टाढा पुग्ने सक्ने बताए । 'यदि तपाईं सामाजिक सञ्जालमा मानिसहरूले के भनिरहेका छन् भन्नेमा केन्द्रित हुनुभयो भने तपाईं आफ्नो वास्तविक कामबाट विचलित हुनुहुन्छ' लले स्पष्ट रुपमा भने । प्रशिक्षक लले यो विषयलाई कठिन भन्दै खेलाडीहरू प्रायोजनहरू निर्भर भएको बताए तर विश्वकप जस्तो ठाउँमा खेल नै प्राथमिकतामा हुनुपर्ने कुरा जोड दिए ।

'यो कठिन विषय हो, किनकि धेरै खेलाडीहरू प्रायोजन र एन्डोर्समेन्टका लागि सामाजिक सञ्जालमा निर्भर हुन्छन् । तर विश्वकपजस्तो प्रतियोगितामा क्रिकेट नै मुख्य कुरा हो' लले थप अगाडि भने, 'मैले उनीहरूलाई बुझाउने प्रयास गरें कि यदि हामीले क्रिकेटमा लगातार जितिरह्यौं भने तपाईंहरूको लाइक र फलोअर स्वत: बढ्छ । अनुहार देखाइरहनु जरुरी छैन । यदि क्रिकेट नेपाल अगाडि बढिरहेको छ र हामी जितिरहेका छौं भने सामाजिक सञ्जालमा तपाईंहरूको आकर्षण स्वत:चुलिन्छ' लले भने ।

पहिलो खेलमा इंग्ल्यान्ड विरुद्ध उत्कृष्ट प्रदर्शन गरेपछि नेपाली खेलाडीहरू मुम्बई कोलाबास्थित इन्डिय गेट घुम्न आएका थिए । त्यसपछि नेपाली टोलीका ओपनर कुशल भुर्तेल र सन्दिप जोराको सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । नेपालको प्रदर्शन देखि खेलाडीहरूको चर्चा लगायत सबै कुरा सामाजिक सञ्जालमै चर्चा भइरहेको छ । शनिबार प्रेस कन्फेरेन्समा मुख्य प्रशिक्षक ल ले पनि फरक प्रश्नमा सामाजिक सञ्जालमा भएको चर्चामै विषयमा बोल्ड स्टेमेन्ट दिएका हुन् ।

प्रशिक्षक ल भन्दा अघि नेपालका कप्तान रोहित पौडेलले पनि यो विषयमा छोटो भनाई राखेका थिए । तर त्यो बेला भने रोहितलाई सामाजिक सञ्जालकै विषयमा सोधिएको थियो । इटलीसँगको खेलअघि प्रि म्याच कन्फेरेन्समा एक पत्रकारले खेलाडीले सामाजिक सञ्जाल प्रयोग गरेको विषयमा नेपालका कप्तान रोहित पौडेललाई प्रश्न सोधेका थिए । रोहितले यो व्यक्तिगत विषय भएको भन्दै खासै धेरै टिप्पणी गर्न चाहेनन् । रोहित आफैंले पनि नेपालको दुवै खेलअघि ब्याटमा स्पोनरको नाम देखिएको फोटो पोष्ट गरेका थिए ।

मुख्य प्रशिक्षक ले ले भने आफू सामाजिक सञ्जालको मामिलामा 'पुरानो पुस्ताको मान्छे' भएको उल्लेख गर्दै यसको सकारात्मक प्रभावबारे सिक्दै गरेको बताए । 'मेरो लागि यो फरक र कठिन छ किनभने सामाजिक सञ्जालमा म डाइनोसर जस्तै हो, म यो बुझ्दिन । म यसको प्रभाव बुझ्दिन । नकारात्मक प्रभाव बुझ्छु, तर सकारात्मक प्रभाव पूरै बुझिरहेको छैन । त्यसैले म यसबारे बुझ्दै खेलाडीहरूसँग सन्तुलित बाटो खोज्ने प्रयास गरिरहेको छु,' उनले भने ।

प्रशिक्षक लले क्रिकेटमा केन्द्रित हुने कुरा मुख्य भएको र बाँकी सबै ननसेन्स भएको पनि बताए । 'मैले यसबारे आज खेलाडीहरूलाई पनि भनेको छु । यसलाई (सामाजिक सञ्जाल) क्रिकेटबाट टाढै राख्नुस्, क्रिकेट भन्दा बाहिर गएर गर्नुस' उनले खेलाडीहरूलाई स्पष्ट सन्देश दिँदै भने, 'क्रिकेटमा हुँदा क्रिकेटमै ध्यान दिनुस् ।'

प्रशिक्षक लले इंग्ल्यान्डलाई लगभग हराउने नजिक पुगेको खेल पछि विश्वभरबाट आएको प्रशंसाले टोलीलाई मानसिक रूपमा असर पारेको संकेत पनि दिए । 'इंग्ल्यान्ड झण्डै हराउँदा विश्वभरबाट नेपालको बारेमा धेरै प्रशंसा भयो । त्यो प्रशंसा सुन्न राम्रो हो, तर हामीले खेल हारेको कुरा पनि सम्झनुपर्छ र उच्च क्षणबाट चार दिनमै चरम निराशामा झर्नु मानसिक दृढता होइन,' उनले भने ।

'यसले तपाईंको टिमप्रति, राष्ट्रप्रति र परिवारप्रति र टिमप्रतिको प्रतिव्दधताको कमी देखाउँदैन ।' वेस्ट इन्डिजविरुद्धको तेस्रो खेल अघि नेपालले मानसिक दृढता र केन्द्रित प्रदर्शन देखाउनुपर्ने चुनौती छ । विश्वकपजस्तो मञ्चमा निरन्तरता कायम राख्न सामाजिक सञ्जाल र बाह्य प्रशंसाभन्दा मैदानको प्रदर्शनलाई प्राथमिकता दिनुपर्ने सन्देश प्रशिक्षक लले स्पष्ट रूपमा दिएका छन् ।

ल ले यी अब सकारात्मक संवादबाट यी विषयहरूलाई सम्बोधन गर्नुपर्ने पनि बताएका छन् । "हामीले यो कुरा बुझ्न आवश्यक छ कि हामीले यसलाई अझ राम्रो तरिकाले गर्नुपर्छ। यसलाई कसरी सम्बोधन गर्ने भनेर राम्रो संवाद र सकारात्मक आवश्यक छ । तर केवल 'यो गर्न पाइँदैन' भनेर मात्र भन्नु हुँदैन । बरु कहिले र कसरी गर्ने भन्ने सही समय छनोट गरेर उचित तरिकाले गर्नुपर्छ" लले भनेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बालविद्या सदनले अभिभावक दिवस मनायो




साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडा उपमहानगरपालिका-१८, हर्नामाडीस्थित मकवानपुर बालविद्या सदनले १९ औं अभिभावक दिवस मनाएको छ ।

वडाअध्यक्ष अनिल बानियाँको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा विविध सांस्कृतिक कार्यक्रमसँगै 'लेखकसँग किताबका कुरा' समेटिएको थियो । अभिभावक दिवसका अवसरमा विद्यालयका विद्यार्थीले तयार पारेका विभिन्न सामग्रीको प्रदर्शनी गरिएको थियो । विद्यालयमा सिकेका सीपबाट निर्माण गरिएका गुन्द्री, टपरी, हस्तकलाका सामग्रीदेखि परम्परागत सीप र आधुनिक प्रविधिमा आधारित रोबोट स्टलमा राखेर प्रदर्शनी गरिएको थियो । शिक्षासँगै विद्यार्थीलाई आत्मनिर्भर, जिम्मेवार र व्यवहारिक बनाउने उद्देश्यले विद्यालयले फुड क्याम्पसमेत सञ्चालन गरेको थियो ।

जहाँ विद्यार्थीले आफैं उत्पादन गरेको चामल, सेल, खीर, पकौडालगायतका खाजा बनाएर बिक्री गरेका थिए । कार्यक्रममा अतिथिलाई चामल र आलु मायाको चिनोकारुपमा कोसेलीस्वरूप प्रदान गरिएको थियो । विद्यालयले पठन संस्कृतिको विकासका लागि विगत चार वर्षदेखि 'लेखकसँग पुस्तकका कुरा' कार्यक्रम सञ्चालन गर्दै आएको छ । अभिभावक दिवसमा सञ्चालन गरिने यस कार्यक्रममा यसवर्ष मकवानपुरका साहित्यकार तथा लेखक छवि अनित्यको पुस्तक बाल महाभारतमा केन्द्रित रहेर विद्यालयका प्रधानाध्यापक सुदीप गिरीले संवाद गरेका थिए ।

साहित्यकार अनित्यका यसअघि तुइनको बाटो, हल्ला र शिक्षकको भाषा पुस्तक प्रकाशित भइसकेका छन् । प्ले ग्रुपदेखि कक्षा १० सम्म अध्ययन हुने यस विद्यालयमा हाल ७ सय २१ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयले विगत पाँच वर्षदेखि एसईई परीक्षामा शतप्रतिशत नतिजा हासिल गर्दै आएको विद्यालयका प्रधानाध्यापक गिरीले जानकारी दिए ।

# रोकिएको ट्रकमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडा उपमहानगरपालिका-५, पिप्लेस्थित कान्तिलोकपथ सडक खण्डमा रड लोड भएको ट्रकमा मोटरसाइकल ठोक्किँदा एकजनाको मृत्यु भएको छ ।

शुक्रबार राति भएको दुर्घटनामा मोटरसाइकल चालक हेटौंडा-५ पिप्ले ढुंगेधारा बस्ने ३५ वर्षीय सुवास थिङको मृत्यु भएको हो । अनुहारमा चोट लागेर गम्भीर घाइते अवस्थामा उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा शुक्रवार राति १० बजेको समयमा चिकित्सकले मृतघोषणा गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका सूचनाअधिकारी नान्तीराज गुरुङले जानकारी दिएका छन् ।

शुक्रबार राति सडक छेउमा पार्किङ गरी राखिएको ना ५ ख १८६१ नम्बरको रड लोड भएको ट्रकमा सानोपोखराबाट पिप्लेतर्फ जाँदै गरेको ना २९ प ७०७२ नम्बरको मोटरसाइकल पछाडिबाट ठोक्किँदा दुर्घटना भएको उनको भनाइ छ । ट्रक र ट्रकचालक प्रहरीको नियन्त्रणमा रहेका छन् । यसैबीच पूर्वपश्चिम सडकखण्ड मकवानपुरको मनहरी गाउँपालिका-९ ज्यामिरेस्थित जङ्गलेश्वर महादेव मन्दिर नजिकै बसबाट लडेर गम्भीर घाइते भएका एकजना वृद्धको उपचारका क्रममा मृत्यु भएको छ ।

बस रोकेपछि शौचालय जान झर्ने क्रममा ढोकाबाट लडेर चितवन रत्ननगर नगरपालिका-६ बस्ने ६२ वर्षीय विष्णुबहादुर घिमिरे गम्भीर घाइते भएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

# हुलाकी राजमार्गको दुर्दशा: १६ वर्ष बित्दा पनि अलपत्र, पाँच ठेक्का रद्द

काठमाडौं/तराई-मधेसको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्ग १६ वर्षदेखि अलपत्र छ । राष्ट्रिय गौरवको आयोजनासमेत रहेको यो राजमार्गमा ठेक्का रद्द र सरकारी उदासिनताका कारण यो आयोजनाको भविष्य अन्योलमा परेको छ ।



२०६६/०७७ मा सुरु गरिएको यो राजमार्ग पूर्वमा झापाको केचनादेखि पश्चिममा कञ्चनपुरको दोधारा चाँदनीसम्मको भू-भागलाई जोड्ने १ हजार ८५७ किलोमिटर सडक र २५० वटा पुल निर्माण गर्ने लक्ष्य राखिएको यो आयोजनाको काम कहिले पूरा हुन्छ अनिश्चित छ । यो राजमार्ग समयमा सम्पन्न हुन नसक्दा तराईबासीले निकै सास्ती भोग्न बाध्य भएका छन् ।

केही ठेक्का निर्माण व्यवसायीको लापरबाहीका कारण रद्द भएका छन् भने समयमा नबन्दा अयोजनाको लागत बढेर दोब्बर पुगेको छ । प्रारम्भिक लागत अनुमान ४७ अर्ब २४ करोड रहेकोमा समयमै निर्माण हुन नसक्दा यसको अनुमानित लागत बढाएर १ खर्ब १ अर्ब ६३ करोड रुपैयाँ पुगेको छ ।

यो लागत अझै बढ्न सक्ने अनुमान गरिएको छ । निर्धारित समयमा निर्माण सम्पन्न नभएपछि पटकपटक म्याद थपिएको छ । पछिल्लो पटक यो आयोजना सम्पन्न हुने म्याद २०८३/०८४ सम्मका लागि थप गरिएको छ, तर अहिलेसम्म प्रगति हेर्दा यो समयसीमामा पनि काम पूरा हुने सम्भावना न्यून छ ।

यस्तै कुल लागत १ खर्ब १ अर्ब ६३ करोड रुपैयाँ रहेको यस राजमार्गमा पुस मसान्तसम्म ७२ अर्ब ९३ करोड ११ लाख रुपैयाँ खर्च भएको छ । यस राजमार्ग १३८०.७ किलोमिटर सडक कालोपत्र र १५३ वटा पुल बनेका छन् । चालु आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले ३ अर्ब ६६ करोड ४२ लाख रुपैयाँ खुद बजेट विनियोजन गरेको थियो । यसमध्येबाट १ अर्ब ३८ करोड ११ लाख रुपैयाँमात्र खर्च भएको छ । यो प्रतिशतमा हेर्ने हो भने कुल विनियोजनको ३७.६९ प्रतिशत मात्र खर्च हो ।

लामो समयसम्म सम्पन्न हुन नसकेपछि सरकारले हुलाकी राजमार्गका विभिन्न निर्माण व्यवसायीको लापरबाहीका कारण रुग्ण बनेका ठेक्का रद्द गरेको छ । गत भदौ २३/२४ गतेको जेनजी आन्दोलपछि बनेको अन्तरिम सरकारले लामो समयदेखि अलपत्र परेका आयोजनाका ठेक्का रुग्ण ठेक्का किन नतोड्ने भन्दै सूचना जारी गरेको थियो । त्यसमध्ये यस राजमार्गका १४ ठेक्काको तोड्न सूचना जारी गरेकोमा ५ वटा तोडिएका छन् । हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गत हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका ५, योजना कार्यालय कपिलवस्तु १, योजना कार्यालय धनगढी २ र योजना कार्यालय जनकपुर ६ गरी १४ वटा आयोजना रुग्ण रहेको जनाएको छ । तोडिएका पाँच ठेक्काको कुल लागत २ अर्ब ३४ करोड ४४ लाख बराबर रहेको छ ।

तोडिका ठेक्काहरूमध्ये सबैभन्दा ठुलो ठेक्का झापाको कन्काई पुलको हो, जसको लागत ३४ करोड ९ लाख रुपैयाँ थियो । कन्काई नदीमा पक्की पुल निर्माणका लागि २०६८ जेठ ३१ गते सम्झौता भएको थियो । सम्झौता अनुसार २०७२ जेठ २९ गतेभित्र निर्माण कार्य सम्पन्न हुनुपर्नेमा १४ वर्ष बितिसक्दा पनि निर्माण हुन नसकेपछि ठेक्का रद्द गरिएको हो । यो पुल ५ पटक म्याद थपिँदासम्म ६५ प्रतिशत भौतिक प्रगति छ । पछिल्लो पटक थपिएको म्याद २०८० असारमा सकिएको थियो । त्यसयता वैशाखदेखि काम पूर्ण रूपमा ठप्प भएपछि ठेक्का रद्दको प्रक्रिया अघि बढाइएको थियो ।

यसैगरी, चितवनको माडी-ठोरी सडकखण्ड अन्तर्गत पतरी खोलामा निर्माणाधीन पुलको ठेक्का पनि तोडिएको छ । हुलाकी राजमार्ग निर्देशनालयको योजना कार्यालय वीरगन्जले गत मंसिर १२ गते सार्वजनिक सूचना जारी गर्दै काम अलपत्र पारेर ठेकदार कम्पनी सम्पर्कमा नआएकाले ठेक्का ताडेको थियो । यसको कुल लागत २२ करोड ३१ लाख रुपैयाँ रहेको छ । २०७९ माघ १ गते सुरु भएको यो आयोजना २०८२ चैत ४ गतेसम्म सम्पन्न गर्नुपर्ने म्याद थियो ।

मोरङको रतुवा-केशलिया ६ किलोमिटर सडक खण्ड निर्माणको ठेक्का पनि रद्द गरिएको छ । यसको कुल लागत ८३ करोड ९९ लाख रुपैयाँ रहेको थियो । २०७९ कात्तिक २३ गतेदेखि सुरु भएको यो आयोजनाको अन्तिम म्याद २०८२ जेठ मसान्तसम्म रहेको थियो । तर सो अवधिमा सम्पन्न हुन नसके पछि ठेक्का अत्य गरिएको हो ।

कञ्चनपुरको मोहना नदी-डोकेबजार-बेलौरी-बेलडाँगी-दैजी सडकखण्ड निर्माणको ठेक्का पनि तोडिएको छ ।यो सडक आयोजनाको लागत ४१ करोड ३३ लाख बराबर रहेको थियो । २०७३ फागुन १२ गतेदेखि सुरु भएकोमा २०८२ कात्तिक २५ गतेसम्म म्याद रहेको थियो तर उक्त अवधिमा सम्पन्न हुन नसकेपछि यो ठेक्का तोडिएको छ ।

कुल लागत ५२ करोड ७० लाख रुपैयाँ रहेको हुलाकी राजमार्ग अन्तर्गत सुनसरीको इनरुवा-कप्ताङगञ्ज सडकको ठेक्का पनि रद्द गरिएको छ । २०८१ साउन १६ गतेदेखि सुरु भएको यो सडक २०८३ असार ३० गते सम्पन्न गर्ने म्याद रहेको थियो । तर यसको म्याद नसकिँदै ठेक्का तोडिएको छ । यी सबै ठेक्का तोडिनुको मुख्य कारण निर्माण व्यवसायीको लापरबाही र काममा ढिलासुस्ती भएको सडक विभागले जनाएको छ । ठेक्का सम्झौतामा उल्लेखित शर्तहरू पालना नगरेको, समयमै काम सम्पन्न नगरेको र निर्माण कार्यमा ढिलाइ गरेको कारण ठेक्का रद्द भएका हुन् ।

हुलाकी राजमार्ग निर्माणमा ढिलासुस्ती हुनुको प्रमुख एक कारण सरकारी कमजोरी भएको आयोजनाले दाबी गरेको छ । सरकारले समयमै बजेट उपलब्ध नगराउँदा र निर्माण व्यवसायीलाई कारबाही गर्न ढिलाइ गर्दा राजमार्गको काम अलपत्र परेको छ । चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र, कपिलवस्तु र दाङ जिल्लाको सिमानाको जङ्गल क्षेत्र, बाँके र दाङ जिल्लाको सिमानाको जङ्गल क्षेत्रमा पर्ने सडक खण्ड र पुलको ठेक्का व्यवस्थापन हुन सकेको छैन । यसकारण पनि निर्माणमा ढिलासुस्ती भइरहेको आयोजनाले जनाएको छ ।

भारतीय सरकारको अनुदानमा निर्माण भएका विभिन्न १० वटा सडकको छुट भएका विभिन्न खण्डको निर्माण सम्पन्न हुन बाँकी छ । सरकारले पर्याप्त बजेट विनियोजन गर्न नसक्दा तीव्र गतिमा काम अघि बढ्न नसकेको यस आयोजना निर्देशनालयले जनाएको छ ।

*(स्रोत: रातोपाटी)*

# 'भ्वाइस अफ नेपाल' सिजन ७ को उपाधि नीताकुमारी थापालाई




काठमाडौं/हिमालय टिभीमा प्रसारण हुने सांगीतिक रियालिटी शो 'द भ्वाइस अफ नेपाल' सिजन ७ को उपाधि नीताकुमारी थापा मगरले जितेकी छन् ।

'भ्वाइस अफ नेपाल' को इतिहासमा उपाधि जित्ने उनी पहिलो महिला प्रतिस्पर्धी हुन् । शनिबार आयोजित ग्रान्ड फिनालेमा कोच राजु लामाको टिमकी प्रतिस्पर्धी उनले उपाधि उचालिन् । कोच खेम सेन्चुरीका प्रतिस्पर्धी सागर संसार राई प्रथम उपविजेता घोषित भए ।

टिम प्रमोद खरेलकी प्रतिस्पर्धी पुनम गुरुङ द्धितीय उपविजेता घोषित भइन् । टिम मेलिना राईकी प्रतिस्पर्धी सञ्जिता दुरा तृतीय उपविजेता बनिन् ।

फिनालेमा हिमालय टिभीका अध्यक्ष धर्मराज भुसाल र कार्यकारी निर्देशक श्याम कँडेलले विजेता र उपविजेतालाई पुरस्कार प्रदान गरे । शुक्रबार र शनिबार प्रसारित फिनाले एपिसोडमा यस सिजनमा प्रतिस्पर्धा गरिरहेका अन्य ट्यालेन्टले पनि आकर्षक प्रस्तुति दिएका थिए ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बकैया बालमैत्री घोषणाको पाँचौं वार्षिकोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ मकवानपुरस्थित बकैया गाउँपालिकाले बालमैत्री स्थानीय शासन घोषणा भएको पाँचवर्ष पूरा भएको अवसरमा हात्तीसुँडेस्थित पालिका सभाहलमा समारोह आयोजना गरेको छ ।

कार्यक्रम शनिबार गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीको सभाध्यक्षता तथा अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यतामा भएको हो । समारोहमा बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडालाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।




बालमैत्री स्थानीय शासन अवलम्बनपछि यसको दिगोपन सुनिश्चित गर्न संस्थागतरुपमा सक्रिय सहभागिता जनाउँदै बालसंरक्षण क्षेत्रमा पुर्‍याएको महत्वपूर्ण योगदानको कदर गर्दै उनलाई सम्मान गरिएको हो । प्रमुखअतिथि अध्यक्ष धर्मराज लामिछानेले बालभेलाबाट प्राप्त सुझाव तथा मागलाई सम्बोधन गर्दै बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी पालिकाले कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

उनले बालमैत्री दिगोपनलाई व्यवहारमै कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोर्‍याए । उपाध्यक्ष खत्रीले बालमैत्री दिगोपनका चुनौतीलाई पालिकाले जिम्मेवारीपूर्वक स्वीकार गरेको उल्लेख गर्दै सामाजिक संस्थासँगको सहकार्यमा बालश्रम, बालविवाह तथा बालहिंसा विरुद्ध अभियान सञ्चालन भइरहेको जानकारी दिए । उनले विद्यालयमा विद्यार्थीको पहुँच विस्तार, शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यालय छोड्ने दर न्यूनीकरणमा प्रगति भएको दाबी गरे । गैससको निरन्तर सहकार्यप्रति आभार व्यक्त गर्दै बालमैत्री सहजकर्ताको योगदानको प्रशंसा गरे ।

सम्मान ग्रहणगर्दै खतिवडाले सामाजिक संस्थाको योगदानको मूल्यांकन गर्दै सम्मान प्रदान गरेकोमा गाउँपालिकाप्रति कृतज्ञता व्यक्त गरे । उनले सम्मानले सामाजिक कार्यप्रति थप उत्साह र जिम्मेवारीबोध गराएको बताए । वडाअध्यक्षले बालमैत्री दिगोपन सुनिश्चित गर्न शिक्षामा लगानी वृद्धि, गुणस्तरीय शिक्षा प्रवर्द्धन, बालमैत्री विद्यालय विकास, बाल सञ्जालको सक्रिय परिचालन तथा बालमैत्री सहजकर्तालाई विशेष जिम्मेवारीसहित परिचालन गर्नुपर्नेमा जोड दिए । सामाजिक विकास शाखाप्रमुख फटिकरमण प्याकुरेल, बालश्रम फोकल पर्सन रामचन्द्र खड्का तथा महिला विकास निरीक्षक होमकुमारी संजेलले बालबालिकाको सर्वाङ्गीण विकासका लागि उनीहरुको आवाजलाई सम्मान गर्दै विभिन्न कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए ।

सबिन खडका, मञ्जु बजु, कोपिला घिमिरे, गंगा फुँयाल, वीरेलाल सिंतान, देवराज लामिछाने, भगवती अधिकारी, पदमबहादुर घलान र जयबहादुर भोम्जनलगायत बालमैत्री सहजकर्तालाई दिगोपनमा पुर्‍याएको योगदानका लागि धन्यवाद सहित सम्मान गरिएको थियो । वार्षिकोत्सवकै अवसरमा आयोजित बालभेलाबाट रसिना बलको अध्यक्षतामा २१ सदस्यीय पालिकास्तरीय बाल सञ्जाल कार्यसमिति पुनर्गठन गरिएको छ । नवगठित सञ्जालका पदाधिकारी तथा सदस्यलाई उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडाअध्यक्षले टीका मालासहित बधाई ज्ञापन गर्दै बालमैत्री दिगोपनका लागि सक्रियतापूर्वक बालक्लब सञ्चालन गर्न आग्रह गरेका थिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेल तथा वडाअध्यक्षहरु गोपालबहादुर न्यासुर, भुमलसिं घलान, विश्वराज स्याङ्तान र मानबहादुर सिन्तानको आतिथ्यता रहेको थियो । समारोहमा जनप्रतिनिधि, कर्मचारी, सामाजिक संघसंस्थाका प्रतिनिधि तथा बालमैत्री अभियानमा संलग्न व्यक्तिको उल्लेखनीय उपस्थिति रहेको थियो । बकैया गाउँपालिकाले पाँच वर्षे यात्राको समीक्षा गर्दै आगामी दिनमा बालअधिकार संरक्षण, गुणस्तरीय शिक्षा प्रवर्द्धन तथा बालमैत्री शासनको दिगोपन सुनिश्चित गर्न अझ प्रभावकारीरुपमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# भूमिहीन समस्या समाधानको माग गर्दै लवशेर विष्टलाई ध्यानाकर्षणपत्र



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ भूमिहीन समस्या समाधानको माग गर्दै हेटौंडा-११ सिमलटारका स्थानीयले मकवानपुर क्षेत्र नं.२ का नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार लवशेर विष्टलाई ज्ञापनपत्र बुझाएका छन् ।


शनिबार चुनावी घर दैलो कार्यक्रमको क्रममा सिमलटार पुगेका विष्टलाई स्थानीयले ज्ञापनपत्र बुझाएका हुन् । २०५२ सालदेखि बसोबास गर्दै आएका दुई हजारभन्दा बढी घरधुरीको प्रतिनिधित्व गर्दै राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल जिल्ला समिति मकवानपुरले ज्ञापनपत्र बुझाएको हो । मञ्चका जिल्ला सदस्य विकास तितुङलगायतले उम्मेदवार विष्टलाई भूमिहीनको माग सम्बोधन गर्न आग्रह गर्दै चारबुँदे पत्र हस्तान्तरण गरेका हुन् । ज्ञापनपत्रमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी पुस्तौंदेखि जोतभोग तथा बसोबास गर्दै आएपनि अझै कानुनी स्वामित्वबाट वञ्चित रहनुपरेको उल्लेख गरिएको छ ।

त्यसैगरी, वनक्षेत्र, निकुञ्ज, मध्यवर्ती क्षेत्र, सार्वजनिक सडक किनार, नदीउकास, पानीघाट, गुठी तथा गोचरलगायत अभिलेखमा उल्लेख गरिएका जमिनमा बसोबास गर्दै आएका नागरिकलाई जोतभोगको आधारमा कानुन निर्माण गरी न्यूनतम खेतीयोग्य जमिन र सुरक्षित आवास सहित लालपुर्जा उपलब्ध गराउन माग गरिएको मञ्चका नगरअध्यक्ष गोविन्द न्यौपानेले बताए । मञ्चले सबै स्थानीय तहमा भूउपयोग योजना निर्माण गरी बाँझो जमिनमा भूमिहीनको पहुँच सुनिश्चित गर्नुपर्ने, कृषिमा प्रविधिकरण तथा उद्यम प्रवर्द्धनमार्फत् रोजगारी र खाद्य सुरक्षाको प्रत्याभूति गर्नुपर्ने जनाइएको छ ।

ज्ञापनपत्र बुझ्दै उम्मेदवार विष्टले भूमिहीन नागरिकका सबै समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाए । नागरिकको आवाज उठाउन आफू संसद् जान लागेको बताउँदै उनले संसद्को पहिलो बैठकमै यस विषयलाई प्रमुख मुद्दाकारुपमा उठाउने प्रतिबद्धता व्यक्त गरे । नागरिकका समस्यामा सजग गराउन स्थानीयले खेलेको भूमिकाको प्रशंसा गर्दै सबै उम्मेदवारलाई ज्ञापनपत्र बुझाउन आग्रह गरे । यसअघि पनि स्थानीयले एमाले उम्मेदवार महेश बर्तौलालाई ज्ञापनपत्र बुझाइसकेका छन् । वर्षौंदेखि भूमिहीन समस्या चुनावी एजेन्डामै सीमित भएको र समाधान नभएको भन्दै स्थानीयले दबाब स्वरुप ज्ञापनपत्र बुझाएको जनाएका छन् ।

# राक्सिराङमा भगवान बुद्धको प्रतिमा निर्माणका लागि भूमिपूजा





साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ मकवानपुरको राक्सिराङ गाउँपालिका अन्तर्गत याङ्ला राक्सिराङ विभूति पार्क परिसरमा निर्माण हुन लागेको भगवान बुद्धको प्रतिमाको विधिवत् रुपमा भूमिपूजा (सलङ) तथा शिलान्यास भएको छ ।

कार्यक्रम लामा गुरु शेरब ग्याल्छन लामाबाट धार्मिक परम्पराअनुसार सम्पन्न गरिएको हो । कार्यक्रममा स्थानीय लामा गुरुहरु, युवा बुद्धिजीवी, समाजसेवी तथा विभिन्न सहयोगीको उल्लेखनीय उपस्थिति रहेको थियो । गाउँपालिकाको चालु आर्थिक वर्षको बजेटअन्तर्गत प्रतिमा निर्माणका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको छ । यो बजेटबाट बुद्धको प्रतिमा निर्माण गरी विभूति पार्क क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक गन्तव्यकारुपमा विकास गर्ने लक्ष्य राखिएको याङ्ला राक्सिराङ विभूति पार्कका अध्यक्ष केशव थिङले जानकारी दिए ।

अध्यक्ष थिङकाअनुसार बुद्धको प्रतिमा निर्माणले धार्मिक पर्यटन प्रवर्द्धन, सांस्कृतिक संरक्षण तथा स्थानीय पहिचान अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको छ ।

आयोजकले कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सहयोग पुर्‍याउने सम्पूर्ण लामा गुरु, युवा बुद्धिजीवी तथा सहयोगीप्रति हार्दिक कृतज्ञता व्यक्त गरेको छ । बुद्धको प्रतिमा निर्माणकार्य छिट्टै अगाडि बढाइने र यसले याङ्ला राक्सिराङ पार्क क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक केन्द्रकारुपमा स्थापित गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# विपन्न परिवारलाई किरिया खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ मकवानपुरको मनहरी गाउँपालिकाले आर्थिक समस्या झेल्दै आएका विपन्न परिवारलाई किरियाखर्च उपलब्ध गराएको छ ।

पालिकाले गत आर्थिक वर्षबाट प्रतिपरिवार २० हजार रुपैयाँका दरले सहयोग प्रदान गर्दै आएको हो । पालिकाले गतवर्ष एक सय ९५ परिवारलाई किरियाखर्च बापत रकम उपलब्ध गराएको थियो । चालु आर्थिक वर्षमा एक सय ८० परिवारलाई काजकिरियाखर्चबापत ३६ लाख रुपैयाँ उपलब्ध गराइसकिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिएका छन् । 'चालु आर्थिक वर्षमा किरियाखर्चबापत ४० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ, यो रकम अपुग भए बजेट थप गर्न सकिने व्यवस्था मिलाएका छौं,' गाउँपालिका अध्यक्ष कालाखेतीले भने ।

जनप्रतिनिधिले घरमै पुगेर आर्थिक सहयोगसँगै मृत्युदर्ताको कागजसमेत हस्तान्तरण गर्ने गरिएको छ । गत आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरी मृतकको घरमै पुगेर काजकिरिया गर्नका लागि पालिकाले रकम उपलब्ध गराउने घोषणा गरेको गाउँपालिका अध्यक्ष कालाखेतीले बताए । 'वडाका केही परिवार यस्ता छन्, जसले काजकिरिया गर्न पनि कठिनाइ बेहोर्नुपर्छ । त्यस्ता अवस्थामा राहतस्वरुप पालिकाले यो कार्य गर्दै आएको हो,' अध्यक्ष कालाखेतीले बताए ।

वडा कार्यालयबाट मृत्युदर्तासहित विपन्नको सिफारिस गरेपछि गाउँपालिका कार्यालयले काजकिरिया गर्न प्रतिपरिवार २० हजार रुपैयाँ नगद उपलब्ध गराउने गरेको छ ।

आर्थिक अभावले किरिया रोकिने अवस्था नआओस् भनेर खर्च दिने गरेको पालिकाले जनाएको छ । गाउँपालिकाले मृतकका परिवारलाई किरियाखर्च उपलब्ध गराउन थालेपछि विपन्न परिवारले राहत महशुस गरेका छन् । परिवारका सदस्यको मृत्युपछि काजकिरिया उम्काउन समस्या हुने परिवारलाई खर्चले राहत भएको हो । सामाजिक उत्तरदायित्वका कार्यक्रमअन्तर्गत गाउँपालिकाले शोकमा परेका परिवारलाई निरन्तर सहयोग गर्दै आएको छ । यस कार्यक्रमले विपन्न र दुःखद अवस्थामा परेका परिवारबीच सामाजिक न्याय र सहकार्यको भावना बलियो बनाउने अपेक्षा गरिएको छ ।

# पत्रकार महिला र अधिकारकर्मी महिलाबीच मैत्रीपूर्ण फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ विन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेगाहर्ज हेटौंडाको १८ औं वार्षिकोत्सवको अवसरमा दोश्रो दिन शनिबार मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको छ ।



शिवम् सिमेन्ट, हेटौंडा मोवाइल हाउस र यूटु फेन्सी हाउसको सहकार्यमा हेटौंडा उमहानगरपालिका वडा नम्वर ४ स्थित हुप्राचौरमा पत्रकार महिला र अधिकारकर्मी महिलाबीच मैत्रीपूर्ण फुटबल सम्पन्न भएको हो । खेल अधिकारकर्मीको नेतृत्व गैरसरकारी संस्था मकवानपुरकी अध्यक्ष रमिला सापकोटा र पत्रकारको नेतृत्व सरिता दाहालले गरेकी थिइन् । महिला अधिकारकर्मीले चार गोल प्रहार गर्दा पत्रकार महिलाले २ गोल प्रहार गरे । खेलमा रेफ्रीको भूमिका रोशन चौलागाईले निभाएका थिए भने पत्रकार सुवास बिडारीले समन्वय गरेका थिए ।

कार्यक्रममा प्रमुखअतिथि समाजसेवी सिद्धिलाल श्रेष्ठले बिजयी अधिकारकर्मीको समूहलाई नगद ५ हजार रुपैयाँ प्रदान गर्दै खेलले शारीरिकसहित मानसिक स्वास्थ्यमा फाइदा पुग्ने हुँदा यस्ता खेलको आवश्यकता रहेकोमा जोड दिए ।

राजन अनुरागले सहजीकरण गरेको कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, उपाध्यक्ष भावना रिजाल लगायतले मन्तव्य राखेका थिए भने कार्यक्रमका बारेमा रेडियो थाहा संचारका स्टेशन म्यानेजर गोकुल अधिकारीले बताए ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत शुक्रबार हेटौंडा-१ मा रहेको नेपाल फलफूल तथा तरकारी बजारमा सरसरफाई कार्यक्रमको आयोजना गरिएको थियो भने अब भोलि तेश्रो दिन थाहादर्शन कार्यक्रम रहेको फागुन ४ गते स्वास्थ्य तथा शैक्षिक सामग्री, श्रोतामिलन कार्यक्रम, हेटौंडा ऐकेडेमीको सहकार्यमा बालसाहित्य कार्यक्रम र फागुन ७ गते थाहा वर्ष सम्मान तथा समापन समारोह हुने स्टेशन म्यानेजर अधिकारीले जानकारी दिए ।

# सर्टिफाइट सुजुकी सर्भिस सेन्टर सञ्चालनमा आउने




साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हिमालयन मोटर्सले हेटौंडामा सर्टिफाइट सुजुकी सर्भिस सेन्टर सञ्चालनमा ल्याउने भएको छ ।

आइतबार हेटौंडामा एक औपचारिक कार्यक्रमकाबीच हेटौंडा-२ चौकीटोलमा अत्याधुनिक सुविधासहित सेन्टर सञ्चालन ल्याउन लागिएको पत्रकार सम्मेलन गरी जानकारी गराएको हो । हेटौंडा र वरपरका सुजुकी सवारीधनीलाई आफ्नै ठाउँमा उत्कृष्ट सेवा दिने उद्देश्यले सेन्टर सञ्चालनमा ल्याउन लागिएको कम्पनीका सञ्चालक सम्झौता सापकोटाले बताए । उनका अनुसार नया सेवाकेन्द्रमा अत्याधुनिक मेशिनरी, आधुनिक पूर्वाधार तथा दक्ष र अनुभवी प्राविधिकटोली परिचालन गरिने छ ।

कम्पनीले देशभर सुजुकी ब्रान्डको सेवा र स्पेयर पाटर्सप्रतिको विश्वासलाई अझ मजबुत बनाउँदै हेटौंडावासी तथा वरपरका ग्राहकलाई छिटोछरितो, गुणस्तरीय र भरपर्दो सेवा दिने उद्देश्य पनि कम्पनीले राखेको सञ्चालक सापकोटाले बताए । अब साना ठुला मर्मतदेखि नियमित सर्भिस एवम् प्राविधिक परामर्शको लागि हेटौंडा बाहिर जानुपर्ने बाध्यता हट्ने पनि कम्पनीको विश्वास रहेको छ ।

उद्घाटनको अवसरमा कंपनीले सर्भिसमा २५ प्रतिशत तथा लुब्रिकेन्टमा १० प्रतिशत छुटको घोषणा पनि गरेको छ । हाल हेटौंडामा सुजुकी सवारीधनी ३ सयको हाराहारीमा रहेको कम्पनीले जनाएको छ ।

# १ सय १६ जनाले रक्तदान गरे



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडामा भएको दुईदिने बृहत्त खुल्ला रक्तदानमा १ सय १६ जनाले रक्तदान गरेका छन् ।

ब्रह्मकुमारी युवा प्रभाव हेटौंडाको आयोजनामा शुक्रबार र शनिबार २ दिन छुट्टाछुट्टै स्थानमा भएको रक्तदान कार्यक्रममा १ सय १६ जनाले रक्तदान गरेका हुन् ।

शनिबार बिहान रक्तदानमा ८४ जनाले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिएका छन् । शुक्रबार मनहरी बचत तथा ऋण सहकारी सस्था लिमिटेडको आयोजनामा भएको रक्तदानमा ३२ जनाले रक्तदान गरेका थिए । सहकारीले आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

अब आगामी शुक्रबार मनहरी गाउँपालिका-५ स्थित भोजसिद्ध माविको आयोजनामा रक्तदान कार्यक्रम रहेको छ । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । दैनिकजसो रक्तदान कार्यक्रम भएकाले केन्द्रमा अहिले रगत अभाव नरहेको प्राविधिक सापकोटाले बताए ।

# स्वास्थ्य शिविर सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित नकौली सहरी स्वास्थ्य केन्द्रमा शनिबार निःशुल्क स्वास्थ्य शिविर भएको छ ।

१ नं. वडा कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक बजेटअनुसार स्वास्थ्य शिविर सम्पन्न भएको हो । शिविरमा आँखा, दाँत र महिलाको पाठेघर लगायत ओपिडी सेवासम्बन्धी जाँच गरिएको थियो । २ सय ४२ जनाले सेवा लिएको यस कार्यक्रममा आँखा परीक्षण गराएका २१६ मध्ये ३ जनाको मोतिबिन्दुको अपरेशन गर्नुपर्ने देखिएको छ भने ४८ जनालाई नजिकको पावर चस्मा बितरण तथा निःशुल्क औषधि बितरण गरिएको जानकारी वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

दाँत १० जना र पाठेघरको भीआईए ५९ जना महिलाले चेकजाँच गराएका छन् जस्मा ३ जनाको रिपोर्ट शंकास्पद देखिएको छ । २३ जनाएको पाठेघरमा औषधि राखिएको, ४९ जनालाई पाठेघरको सामान्य संक्रमण देखिएको हुँदा निःशुल्क औषधि बितरण गरिएको थियो । १ जनाएको पाठेघर खसेको हुदा रिङ राखिएको र ओपिडी सेवा १०९ जना, सुगर चेकजाँच १३७ जनाले गराएको वडाअध्यक्ष न्यौपानेले जानकारी गराए । हेटौंडा अस्पताल, हेटौंडा सामुदायिक आँखा अस्पताल र नेपाल परिवार नियोजन संघ मकवानपुरको सहकार्यमा शिविर भएको हो ।

नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?
यो सुनौलो अवसर नछुटाउनुहोस्
चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।
नयाँ रेस्टुरेन्ट सुरू गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।
सम्पर्क: ९८५१०२४८६८

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना